फोन नं. : ०६६-५२०७५

गण्डकी प्रदेश सरकार

उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय

# जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, लमजुङ

## नागरिक बडापत्र

| क्र.सं. | उपलव्ध हुने सेवाहरु | सेवा प्राप्तिका लागि चाहिने आवश्यक प्रमाणहरु | सेवा वापत लाग्ने दस्तुर | जिम्मेवार शाखा वा कर्मचारी | सेवा लिन लाग्ने समय |
|---|---|---|---|---|---|
| १ | अनुरोध फारम वितरण | पानीको श्रोत, कमाण्ड एरिया र किसानको सक्रियता हुनुपर्ने । | नि:शुल्क | संस्थागत विकास फांट | तुरुन्तै |
| २ | अनुरोध फारम दर्ता | उपभोक्ताहरुको जग्गाको कि.नं., क्षेत्रफल, परिवार संख्या र दस्तखत सहितको विवरण | नि:शुल्क | संस्थागत विकास फांट | सोहि दिन |
| ३ | जल-उपभोक्ता संस्था तथा लाभग्राही संस्था नविकरण | लेखा परिक्षण प्रतिवेदन, त्यसको साधारण सभाबाट अनुमोदन र आम्दानी खर्चको सार्वजनिक गरेको प्रमाण । | प्रत्येक आ.व.को कार्तिक मसान्त भित्र तोकिए बमोजिमका शुल्क लिइ रत्यसपछि विलम्बशुल्क प्रति वर्ष रु.१००।- | संस्थागत विकास फांट | सोहि दिन |
| ४ | सिंचाइ योजना तथा नदि नियन्त्रण योजनाहरु को निर्माण तथा मर्मत सुधार | बजेट विनियोजन भइ नदी नियन्त्रण तथा सिंचाइ योजना निर्माणको लागि उक्त आ.व. को स्वीकृत कार्यक्रममा समावेश भएको हुनु पर्ने | नि:शुल्क | सिंचाइ / नदि नियन्त्रण शाखा | स्वीकृत बार्षिक कार्यक्रम अनुसार |
| ५ | आपतकालिन जोखिम रोक थामको लागि तारजाली वितरण | स्थानीय वडाको सिफारिस पत्र, जोखिम युक्त स्थानको फोटो र निवेदन | नि:शुल्क | संस्थागत विकास फांट | स्वीकृत बार्षिक कार्यक्रम अनुसार |
| ६ | कुलो मर्मत सम्भार | स्थानीय वडा तहको सिफारिस र निवेदन | नि:शुल्क | सिंचाइ / नदि नियन्त्रण शाखा | स्वीकृत बार्षिक कार्यक्रम अनुसार |
| ७ | धरौटी फिर्ता लिने (जल उपभोक्ता समिति) | काम सम्पन्न भएको १ वर्ष पछि योजनाको काम गरे वापत ५% कटाइ राखेको धरौटी लिन समितिको बैठकको निर्णय, काममा त्रुटी कमजोरी भइ मर्मत सुधार गर्नुपर्ने भए त्यसको विवरण सहित निवेदन । | नि:शुल्क | सिंचाइ / नदि नियन्त्रण शाखा | प्राविधिकले फिल्ड निरिक्षण गरेपछि |
| ८ | धरौटी फिर्ता लिने (निर्माण व्यवसायी) | प्राविधिकको फिल्ड निरिक्षण प्रतिवेदन । गरेको काममा त्रुटि कमजोरी भए सो सच्याए पछि । | नि:शुल्क | सिंचाइ / नदि नियन्त्रण शाखा | प्राविधिकले फिल्ड निरिक्षण गरेपछि |
| ९ | सुचना अधिकारी | इन्जिनियर श्री प्रवेश मरासिनी (सम्पर्क नं. ९८५६०७५१४०) | | | |
| १० | गुनासो सुन्ने अधिकारी | इन्जिनियर श्री विष्णुहरि अधिकारी सम्पर्क नं. ९८५६०४५७९२) (कुनै कर्मचारीको व्यवहार, आचरण र कार्यशैली उपर चित्त नबुझेमा तुरुन्त कार्यालय प्रमुख समक्ष गुनासो गर्न सक्नु हुनेछ ।) | | | |

### यस डिभिजन कार्यालय बाट प्रदान गरिने सेवाहरु :-

१. सिंचाइ आयोजनाहरुको पहिचान र सम्भाव्यता अध्ययन ।
२. सिंचाइ आयोजनाहरुको निर्माण/ मर्मत सुधार तथा हस्तान्तरण ।
३.जल-उत्पन्न प्रकोप तथा नदि नियन्त्रण योजनाहरुको निर्माण कार्य ।
४. आपतकालिन वाढी पहिरो रोकथाम वा जोखिम रोकथामका लागि ग्याबियन तारजाली वितरण ।
५. सिंचाइ योजनाहरुको मर्मत सम्भार ।

### सिंचाइ योजना माग गर्ने विस्तृत कार्य प्रकृया :-

१.सिंचाइ योजना माग गर्दा यस डिभिजन कार्यालयबाट नि:शुल्क उपलव्ध हुने योजना अनुरोध फारम भरी पेश गर्नु पर्ने छ ।
२. माग भएका योजनाहरुको प्राथमिकताक्रम निर्धारण गरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार क्रमश: पहिचान, सम्भाव्यता, अध्ययन र विस्तृत सर्भेक्षण कार्य गरिने छ ।
३. अध्ययनको क्रममा योजना सम्भाव्य नदेखिएमा त्यसको जानकारी सम्बन्धित उपभोक्ता संस्थालाइ दिइने छ ।
४. आयोजना पहिचान देखि निर्माण/सुधार कार्य सम्पन्न नहुन्जेलसम्म उपभोक्ताले व्यहोर्नु पर्ने नगद/श्रमदान र मर्मत सम्भार कोष वापत ल.ई. को ०.५% रकम संकलन गर्नुपर्नेछ, नव्यहोरेमा योजनाको बाँकी काम तत्काल बन्द गरिने छ ।
५. योजनाको मर्मत सुधार कार्य सम्पन्न भएपछि स्वत : ज.उ.स. मा हस्तान्तरण भएको मानिने छ र त्यसको संचालन एवं मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी जल-उपभोक्ता समितिले लिनु पर्ने छ ।
६. साधारणतया एक पटक नेपाल सरकारको अनुदान प्राप्त भइ निर्माण/मर्मत भएको योजनामा १५ वर्ष भन्दा अगावै पुन : अनुदानको लागि योग्य मानिने छैन ।

### जल-उपभोक्ता संस्था/लाभग्राही संस्था गठन गर्दा चाहिने आवश्यक कागजातहरु :-

(क) संस्थाको तर्फबाट रु.१०।- को टिकट टासि निवेदन दिनुपर्ने ।
(ख) समिति गठन गर्दा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता सहित पिछडिएको जनजाती,दलित,उत्पीडित तथा कमाण्ड एरियको मुहान विच र पुछार तर्फका किसानहरुको उचित प्रतिनिधित्व हुन पर्नेछ । समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष पद मध्ये कम्तिमा १ (एक) जना महिला अनिवार्य हुनु पर्ने छ ।
(ग) जल-उपभोक्ता संस्था तथा लाभग्राही संस्थाका पदाधिकारी र सदस्यहरु छनौट हुन १८ वर्ष उमेर पुरा भएको, वहालवाला सरकारी कर्मचारी र शिक्षक नभएको,निर्वाचित जनप्रतिनिधि नभएको र नियमित रुपमा सिंचाइ सेवा शुल्क चुक्ता गरेको, फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको, कमाण्ड एरिया भित्रको व्यक्ति हुनु पर्नेछ । साथै, एउटा व्यक्ति दुइ कार्यकालको लागि मात्र पदाधिकारी हुन पाउने छ ।
(घ) जल-उपभोक्ता/लाभग्राही संस्थाको कार्य समितिको पदावधि ४ वर्षको हुनेछ (नयाँ कार्य समिति गठन गर्दा) र ४ वर्ष पुग्न ३ महिना अगावै नयां निर्वाचन गराई पाचौं वर्षको शुरुमा नै नयां निर्वाचित कार्य समितिलाइ जिम्मेवारी र दायित्व हस्तान्तरण गर्नु पर्नेछ ।
(ङ) संस्था दर्ता वापत दस्तुर शुल्क तोकिए बमोजिम लाग्नेछ । प्रत्येक वर्ष कार्तिक मसान्त भित्र नवीकरण गर्दा शुल्क लाग्ने छैन ।
(च) विधान - २ (दुइ) प्रति तयार गरि विधानमा समितिका सवै सदस्यहरुको हस्ताक्षर हुनु पर्नेछ ।
(छ) साधारण सभामा कम्तिमा ६७ प्रतिशत उपभोक्ताहरु उपस्थित भै साधारण सभाबाट समिति गठन गरेको निर्णयको प्रतितिपी -१ (एक) प्रति ।
(ज) संस्थाका सदस्यहरुको ना.प्र.प.को प्रतिलिपी एक एक प्रति ।
(झ) सिंचाइ तथा नदी नियन्त्रण कार्यको लागि सम्बन्धित न.पा./गा.पा./वडा कार्यालयबाट समिति गठनको जानकारी सहित नामावली, योजना निर्माण र नया योजनाको हकमा पानीको श्रोतमा विवाद छैन भन्ने व्यहोराको किटानी सिफारीस पत्र १(एक) प्रति ।

### संस्थाको खाता संचालनको लागि आवश्यक पर्ने कागजातहरु :-

(क) अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये २ (दुई) जनाको संयुक्त दस्तखतबाट खाता संचालन हुने गरी पायक पर्ने स्थानको बैंकमा खाता खोल्ने सम्वन्धमा समिति/उपभोक्ता भेलाको बैठकको निर्णयको प्रतिलिपी । (खाता संचालनमा एक जना महिला अनिवार्य हुनु पर्ने) ।
(ख) ना. प्र. प. को प्रतितिपी (१/१ प्रति)
(ग) पासपोर्ट साइजको फोटो (१/१ प्रति)
(घ) दस्तखत नमुना कार्ड १ (एक) प्रति ।
(ङ) बैंक निवेदन फारम १ (एक) प्रति ।
(च) कार्यालयको सिफारीस पत्र १ (एक) प्रति ।

### समितिको तर्फबाट हुने कामको लागि सम्झौता गर्दा आवश्यक पर्ने कागजातहरु :-

(क) संस्था दर्ता /नविकरण गरेको प्रमाणपत्रको प्रतितिपी ।
(ख) समितिको निर्णय (अध्यक्ष र कुनै एकलाइ तोक्ने) ।
(ग) अध्यक्षको तर्फबाट निवेदन ।